# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ ज्येष्ठ ११ गते

## आयोगले यस वर्ष वार्षिकोत्सव नमनाउने

राष्ट्रिय मानव अधिकार आयोग स्थापना भएको दिन जेठ १३ गतेलाई हरेक वर्ष राष्ट्रिय मानव अधिकार आयोगले स्थापना दिवसको रुपमा मनाउदै आएकोमा यस वर्ष नमनाउने भएको छ ।

बैशाख १२, १३ र २९ गते देशमा आएको विनाशकारी भूकम्पका कारण ठूलो संख्यामा मानिसहरु घाइते हुन पुगेको तथा मृत्यु हुन गएको र लाखौंको संख्यामा मानिसहरु घरवारविहीन भई विस्थापित हुन पुगी असहज परिस्थिति उत्पन्न भएको छ ।

विपदको यस घडीमा आयोग भूकम्पमा परी दिवंगत हुनु भएकाहरुको आत्माको चीर शान्तिको कामना गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

आयोगले भूकम्पबाट अति प्रभावित जिल्लाहरुको स्थलगत अनुगमन गरिरहेको छ । अनुगमनबाट प्राप्त तथ्यहरुको आधारमा भूकम्प पीडितहरुको उचित पुनर्वास, खाद्यान्न, स्वास्थ्य, शिक्षा लगायतका विषयहरुमा समयमै यथोचित ध्यान पुऱ्याउन आयोग नेपाल सरकार र सम्बन्धित निकायहरुसँग आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य तथा प्रवक्ता